# स्थानीय तहको आर्थिक ऐन- २०७४

धार्चे गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना :

धार्चे गाउँपालिका आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्थ ागर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम धार्चे गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम प्रारम्भ : (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि धार्चे गाउँ पालिका क्षेत्रमा लागु हुनेछ।

२. सम्पत्ति कर : गाउँ पालिका क्षेत्रभित्र अनुसुचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ।

३. भुमि कर : (मालपोत) : गाउँपालिका क्षेत्रभित्र अनुसुचि (२) बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

४. घर बहाल कर : गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छाप्रा, जग्गा वा पोखरी पुरै आँशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ।

५. ब्यवसाय कर : गाउँपालिका क्षेत्रभित्र ब्यापार, ब्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम ब्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : गाउँपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको ब्यवसाष्कि कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ।

७. सवारी साधन कर : गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

८. विज्ञापन कर : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिरनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोही बमोजिम हुनेछ।

९. मनोरञ्जन कर : गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

११. पार्किङ शुल्क : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क : गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. सेवा शुल्क दस्तुर : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १२ मा उल्लेखित स्थानीय पूर्वाधर र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. पर्यटन शुल्क : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ।

१५. कर छुट : यस ऐन बमोजिम कर तिर्ने दायित्व अएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि : यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुनेछ।